# रुन्टीगढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

झेनाम, रोल्पा

## शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि, २०७८

रुन्टीगढी गाउँपालिका
रोल्पा जिल्ला
लुम्बिनी प्रदेश

Scanned with CamScanner

स्वीकृत मिति :- २०७८/०६/२६

# शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि, २०७८

## पृष्ठभुमी

शैक्षिक स्तर सुधारमा सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापनको महत्वपूर्ण भुमिका रहन्छ। यस रुन्टीगढी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक प्राथमिक (कक्षा १– ५), आधारभूत (कक्षा ६–८) तथा माध्यामिक विद्यालय (९–१२) हरुमा तहगत तथा विषयगत शिक्षक दरबन्दीको पर्याप्तता नभएका कारण विद्यालयको नियमित पठनपाठन सञ्चालनमा समस्या देखिएको छ। उक्त समस्यालाई रुन्टीगढी गाउँपालिकाको आन्तरीक स्रोत बाट समाधानको प्रयास स्वरुप तोकिएको मापदण्डको आधारमा शिक्षक व्यवस्थापन सहायता अनुदान उपलब्ध गराउने उद्देश्यले यो शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि–२०७८ तयार गरिएको छ।

## परिच्छेद-१
## सङ्क्षिप्त नाम र प्रारम्भ , परिभाषा र उद्देश्य

### १.१ सङ्क्षिप्त नाम र प्रारम्भ

१.१.१ यो कार्यविधिको नाम "शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि, २०७८" रहेको छ।

१.१.२ यो कार्यविधि रुन्टीगढी गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुने छ।

### १.२ परिभाषा

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा :

क) "ऐन" भन्नाले रुन्टीगढी गाउँपालिकाको शिक्षा ऐन २०७८ लाई सम्झनु पर्दछ।

ख) "गाउँपालिका" भन्नाले रुन्टीगढी गाउँपालिका सम्झनु पर्दछ।

ग) "गाउँ कार्यपालिका" भन्नाले रुन्टीगढी गाउँ कार्यपालिका सम्झनु पर्दछ।

घ) "विद्यालय" भन्नाले नियमानुसार अनुमति वा स्वीकृत प्राप्त रुन्टीगढी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्दछ।

Scanned with CamScanner

ङ) "शिक्षक दरबन्दी" भन्नाले विद्यालयमा नेपाल सरकारले उपलब्ध गराएको दरवन्दी तथा राहत दरबन्दी सम्झनु पर्दछ ।

च) "न्यून दरबन्दी " भन्नाले तहगत, कक्षागत तथा बिषयगत रुपमा ऐनले तोकेभन्दा कम दरबन्दी रहेको अवस्था सम्झनु पर्दछ ।

छ) "आधारभूत विद्यालय" भन्नाले बाल कक्षा, कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालय सम्झनु पर्दछ ।

ज) "माध्यमिक विद्यालय" भन्नाले बाल कक्षा/कक्षा १ देखि १० वा बाल कक्षा/कक्षा १ देखि १२ सम्म सञ्चालन भएको विद्यालय सम्झनु पर्दछ ।

**१.३ उद्देश्य**

स्थानीय स्रोतको परिचालन मार्फत गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा रहेको तहगत, कक्षागत तथा विषयगत शिक्षकहरुको कमीलाई आंशिक रुपमा परिपूर्ति गर्दै विद्यालय शिक्षाको गुणस्तर, शिक्षामा पहुँच र विद्यार्थीहरुको सिकाई उपलब्धी अभिवृद्धि गरी शैक्षिक स्तर सुधार गर्ने ।

## परिच्छेद-२
## शिक्षक व्यवस्थापन सहयोग अनुदान बितरण गर्ने मापदण्ड तथा आधारहरु

**२.१ शिक्षक व्यवस्थापन सहायता अनुदान बितरण गर्दा देहायका मापदण्ड तथा आधारहरु अवलम्बन गरिने छ :**

क) आधारभूत तह कक्षा १ देखि ५ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा कुनै पनि शिक्षक दरवन्दी नभएको वा कम दरबन्दी भएका सामुदायिक विद्यालयमा कक्षा १-५ का लागि अर्को व्यवस्था नभएसम्मका लागि अनिवार्य शिक्षक व्यवस्थापन वापत सहयोग अनुदान ।

ख) आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा कक्षा ६-८ (साविक निम्न माध्यमिक तह) मा कुनै पनि शिक्षक दरवन्दी नभएको वा विषयगत दरवन्दी कम भएका सामुदायिक विद्यालयमा कक्षा ६-८ का लागि अर्को व्यवस्था नभएसम्मंका लागि अनिवार्य शिक्षक व्यवस्थापन वापत सहयोग अनुदान ।

ग) आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालन भई साविक निम्न माध्यमिक तहको १ दरवन्दी मात्र रहेको सामुदायिक विद्यालयमा आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन वापत सहयोग अनुदान ।

CS Scanned with CamScanner

घ) माध्यमिक तह कक्षा १ देखि १० सम्म सञ्चालन भई कूल शिक्षक दरबन्दी ९ वा सो भन्दा कम भएका सामुदायिक विद्यालयलाई कक्षा ६-८ वा कक्षा ९-१० का लागि शिक्षक व्यवस्थापन सहयोग अनुदान ।

ङ) माध्यमिक तह कक्षा ११ र १२ सञ्चालनका लागि अनुमति/स्वीकृत भई कक्षा १२ को शैक्षिक सत्र पुरा गरेका सामुदायिक विद्यालयमा नेपाल सरकारबाट कुनै पनि शिक्षक अनुदान वा दरबन्दी प्राप्त नभएको भए शिक्षक व्यवस्थापन सहयोग अनुदान ।

च) न्यून दरबन्दी भएका तथा विद्यार्थी सङ्ख्या धेरै भएका साथै अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने विद्यालयहरुलाई शिक्षक व्यवस्थापन सहयोग अनुदान कक्षा १ देखि ५ वा कक्षा १ देखि ३ सञ्चालित विद्यालयलाई समेत प्रदान गर्न सकिने छ ।

## परिच्छेद-३
## शिक्षक व्यवस्थापन सहयोग अनुदान बितरण सम्बन्धी व्यवस्था

३.१ परिच्छेद २ को नियम २.१ (क), (ख), (ग) र (घ) बमोजिमको मापदण्ड पुरा गरेका सामुदायिक विद्यालयहरुलाई गाउँपालिकाको बिनियोजित बजेटबाट देहाय बमोजिम रकम उपलब्ध गराईने छ :

क) आधारभूत सामुदायिक विद्यालयको हकमा कक्षा ६-८ को शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत एकमुष्ट रु २,००,०००।-

ख) माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ६-८ को शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत एकमुष्ट रु २,००,०००।-

ग) माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ९-१० को शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत एकमुष्ट रु ४,००,०००।-

घ) माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ११ र १२ को शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत एकमुष्ट रु ५,००,०००।-

ङ) अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने विद्यालयको हकमा शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत एकमुष्ट रु १,५०,०००।-

३.२ उल्लेखित सहयोग अनुदान बितरण गर्दा विद्यालयको हाल सम्मको शैक्षिक प्रगति विवरणलाई समेत आधार बनाइने छ ।

CS Scanned with CamScanner

३.३ यस कार्यविधि बमोजिम एक पटक अनुदान पाईसकेका विद्यालयलाई साबिकको शिक्षक दरबन्दीमा थप भएको, विद्यार्थी संख्या उल्लेख्य रुपमा घटेको लगाएत अन्य मनासिब कारण बिना प्रदान गरिदै आएको अनुदान रकम कट्टा गरिने छैन ।

३.४ अघिल्लो आ.व.मा यस प्रकारको अनुदान प्राप्त गरेका विद्यालयले अनुदान रकम माग गर्दा नियमानुसार खर्च गरेको कागजातको साथमा प्रगति बिवरण र आगामि आ.व.को योजना प्रस्ताव पेश गर्नु पर्ने छ ।

३.५ गाउँपालिकाबाट बिनियोजन हुने बजेटको आधारमा नियम ३.१ मा तोकिएको विद्यालयलाई प्रदान गरिने अनुदान रकममा आवश्यकता अनुसार हेरफेर गर्न सकिने छ ।

## परिच्छेद-४
## शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्था

४.१ परिच्छेद-३ बमोजिम अनुदान प्राप्त विद्यालयले देहायको प्रक्रियाका आधारमा शिक्षक व्यवस्थापन गर्नु पर्ने छ ।

क) शिक्षक व्यवस्थापन सहयोग अनुदान प्राप्त सामुदायिक विद्यालयले शिक्षक पदपूर्ति गर्दा सम्बन्धित तहका लागि अंग्रेजी, गणित र विज्ञान बिषयलाई मुख्य प्राथमिकता दिनु पर्ने छ । अन्य विषयको शिक्षक पदपूर्ति गर्नु पर्ने भएमा स्पष्ट आधार खुल्ने विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिका समक्ष अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने छ । यसरी प्राप्त निवेदन अध्ययन गर्दा अंग्रेजी, गणित र विज्ञान बाहेक अन्य विषयको शिक्षक पदपूर्तिका लागि अनुमति दिन मनासिव देखिएमा गाउँ शिक्षा समितिले आवश्यक निर्णय लिन सक्ने छ ।

ख) शिक्षक पदपूर्तिका लागि अनुमति प्राप्त विद्यालयले प्रचलित शिक्षा ऐन तथा नियमावलीका आधारमा शिक्षक पदपूर्तिका लागि विज्ञापन गरी पदपूर्तिको व्यवस्था मिलाउनु पर्ने छ ।

ग) शिक्षक पदपूर्ति सम्बन्धी अन्य व्यवस्था रुन्टीगढी गाउँपालिकाको शिक्षा ऐन-२०७८ बमोजिम हुने छ ।

घ) यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागू हुनु पूर्व विद्यालयका आवश्यकता बमोजिम प्रचलित शिक्षा ऐन नियमावली तथा शिक्षक सेवा आयोग नियमावली अनुसार प्रकृया पुरा गरी निजी स्रोत बाट शिक्षक नियुक्ति भएको भए यसै

CS Scanned with CamScanner

कार्यविधि बमोजिम नियुक्ति भएको मानिने छ र त्यस्ता शिक्षकहरुलाई विद्यालयले प्रत्येक आर्थिक वर्षको सुरुमा करार नवीकरण गर्नु पर्ने छ । यसरी नियुक्ति भएका शिक्षकको हकमा शिक्षक व्यवस्थापन सहयोग अनुदान प्राप्त गर्नका लागि शिक्षक नियुक्तिको विवरण र आवश्यक कागजात संलग्न फाईल गाउँपालिका शिक्षा शाखामा पेश गर्नु पर्ने छ ।

ङ) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी कार्यरत शिक्षकहरु बिदा तथा काज र अन्य थप सेवा सुविधा सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले आवश्यक निर्णय लिन सक्ने छ ।

## परिच्छेद-५
## वडा स्तरबाट विद्यालयलाई दिने अनुदान सम्बन्धी व्यवस्था

५.१ वडाबाट बिनियोजित शिक्षक क्षेत्रको बजेट विद्यालयले बिनियोजित शीर्षकमा मात्र खर्च गर्नु पर्ने छ ।

तर अङ्ग्रेजी माध्यमबाट पढाई हुने विद्यालयलाई प्रदान गरिने एकमुष्ट अनुदान नियम ३.१ ( ङ) बमोजिम शिक्षक व्यवस्थापन खर्च गर्न सकिने छ ।

५.२ वडाले आवश्यकता अनुसार विद्यालय शिक्षक व्यवस्थापनका लागी वजेट अनुदान दिन सक्ने छ । वडाबाट शिक्षक व्यवस्थापन अनुदान दिइएको भए सो को जानकारी गाउँपालिकालाई दिनु पर्ने छ । एउटै शिक्षकको लागी गाउँपालिंका र वडाबाट दोहोरो पर्ने गरी वजेट अनुदान दिन पाईने छैन ।

## परिच्छेद-६
## विविध

६.१ यो कार्यविधि बमोजिम शिक्षक व्यवस्थापन सहयोग अनुदान प्राप्त सामुदायिक विद्यालयले प्राप्त रकम विद्यालयको खातामा जम्मा गरी आम्दानी जनाउनु पर्ने छ ।

६.२ शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत प्राप्त रकम नियम ४.१ बमोजिम नियुक्ति भएको शिक्षकको तलब भत्ता बाहेक अन्य शीर्षकमा खर्च गर्न पाईने छैन ।

६.३ यो कार्यविधिमा व्यवस्था भए बमोजिम वितरण हुने शैक्षिक व्यवस्थापन सहयोग अनुदानको अतिरिक्त सम्बन्धित सामुदायिक विद्यालय अवस्थित वडाको बजेटबाट अतिरिक्त रकमको व्यवस्था गर्नु पर्ने छ । यसरी व्यवस्था गरिएको अनुदान रकमको व्यवस्थापन प्रक्रिया यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुने छ ।

६.४ यो कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सकिने छ ।

Scanned with CamScanner